WWF
NP
2013
UKaid from the Department for International Development



# जलवायुका लागि सक्षम संरक्षण
## जलवायु अनुकूलनका लागि सिकाइ

## सिकाइका औजारहरू १ – इतिहासबाट सिकाइ

### परिचय

इतिहासबाट सिकाइसम्बन्धी अवधारणाको प्रयोग जलवायु परिवर्तन अनुकूलन तथा जलवायुका लागि सक्षम संरक्षणसम्बन्धी अभ्यासहरूको विकासको नक्साङ्कन गर्नका निमित्त कोलम्बिया तथा नेपालका विश्व वन्यजन्तु कोषद्वारा प्रयोगमा ल्याईएको हो ।

मार्ग-दर्शनसम्बन्धी यस टिपोटमा विश्व वन्यजन्तु कोष नेपालको जलवायु अनुकूलनका विषयमा इतिहासबाट सिकाइसम्बन्धी कार्यशाला तथा त्यसपछिको यस्तै अर्को कार्यशालाबाट लिइएका उद्धरण तथा चित्रहरूको प्रयोग गरिएको छ । सामुदायिक जीविकोपार्जन सम्बन्धी कार्यशाला लाङटाङ राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा भएको थियो ।

**जलवायु अनुकूलनसम्बन्धी सिकाइका बारेमा विश्व वन्यजन्तु कोष नेपालको चिन्तन (reflections)**

**"यस प्रकारको प्रक्रियाको माध्यमबाट पाठ सिक्ने काम अनुगमन तथा मूल्याङ्कनका, स्तरोन्नतिका साथै संस्थागत सम्भनालाई अद्यावधिक राखिरहनका लागि महत्त्वपूर्ण हुन्छ ।"**

**"हामीले यस्ता इतिहासहरूको अभिलेख गर्नु, राख्नु र आफ्नो अनुगमन तथा मूल्याङ्कनका प्रक्रियाहरूमा यस अभिलेखलाई समावेश गर्ने उपाय पत्ता लागाउनु आवश्यक छ ।"**

## इतिहासबाट सिकाइसम्बन्धी अवधारणा

इतिहासबाट सिकाइ भनेको सिकाइसम्बन्धी त्यस्तो औजार हो जुन औजारबाट हामीलाई र हाम्रा साभेदारहरूलाई तल लेखिएका विषयहरूमा मदत पुग्दछ :

- जलवायुको क्षेत्रमा भइरहेका परिवर्तनहरूका विषयमा हाम्रो समभदारीलाई अभ गहन पार्न
- सङ्गठन तथा समुदायभित्र परिवर्तनहरु कसरी भइरहेका छन् भन्नेबारेमा जानकारी हासिल गर्न
- परिवर्तनसम्बन्धी आफ्ना रणनीति, कार्यक्रम तथा सिद्धान्तहरूलाई अनुकूलित पार्न
- बढी आलोचनात्मक तथा चिन्तनमूलक (reflective) सोचाइका तरिका तथा सोअनुरूप गरिने क्रियाकलापहरूको प्रवर्धन गर्न
- आफ्ना सिकाइहरूका बारेमा व्यापक सञ्चार गर्नका निमित्त दस्तावेज अथवा प्रस्तुतीकरणका अन्य कुनै पनि रूप (मल्टिमिडिया) तयार पार्न ।

घटनाहरूको विकास कसरी हुँदै गइरहेको थियो, निर्णयहरु कसरी लिइएका थिए र सङ्ठनात्मक अथवा सामुदायिक परिवर्तनका ढाँचाहरु कस्ता थिए भनी थाहा पाउनका निमित्त तय गरिएको अवधि, उदाहरणका लागि, २, ५, १० वर्षभित्रमा अतीततिर फर्केर हेर्ने मानिसहरूको समूह यसमा संलग्न हुन्छ । यस प्रक्रियाबाट कसरी अगाडि बढ्ने भन्नेबारेमा मार्ग-दर्शन गर्ने जानकारी हामीलाई उपलब्ध हुन्छ ।




## इतिहासबाट सिकाइसम्बन्धी अवधारणाको उद्देश्य

इतिहासबाट सिकाइसम्बन्धी गतिविधिका धेरै उद्देश्यहरु छन् जुन एक अर्काका पुरकका रूपमा रहन्छन् :

- मानिसहरूले आफ्ना अनुभवहरूको अर्थ लगाउने र तिनलाई बुझ्ने, तिनका विभिन्न तरिकाहरूलाई मान्यता प्रदान गर्ने र तिनलाई ग्रहण गर्ने
- साझा अनुभवहरूका बारेमा सामूहिक रूपमा अर्थ लगाउन मानिसहरूलाई सक्षम पार्ने
- प्रयोगात्मक परियोजनाको कार्यान्वयनबाट हासिल हुने अनुभव र सोबाट प्राप्त उपलब्धिको रणनीति, योजना तथा सिद्धान्तहरूमा संयोजन गर्ने
- सरोकारवाला (दाता, निर्णय गर्ने व्यक्ति तथा अन्य साझेदार) हरूलाई महत्वपूर्ण जानकारी दिनका लागि आफ्ना अनुभवहरूको विशेष किसिमबाट अभिलेखीकरण गर्ने
- टोली, संस्था अथवा समुदायभित्र परिवर्तनका आन्तरिक गतिशीलता (internal dynamics) का बारेमा जानकारी प्रदान गर्ने ।

इतिहासबाट सिकाइसम्बन्धी गतिविधिबाट विभिन्न विवरणका बारेमा अनुसन्धान गरिएको कुनै एक मात्र प्रमुख 'सत्य' स्थापित हुँदैन, यसबाट त विभिन्न आवाज र विभिन्न तहका विवरणहरु प्रस्तुत हुन्छन् जसले गर्दा त्यहाँ के भएको थियो भनी बताउने व्याख्यात्मक विवरणहरूका साथसाथै सोमा संलग्न व्यक्तिहरूका चिन्तन, प्रश्न तथा विषयगत विश्लेषणका साथसाथै ती व्यक्तिहरूले बताएका कथनका उद्धरणहरु पनि हुन्छन् ।

## इतिहासबाट सिकाइसम्बन्धी गतिविधि कसका लागि



इतिहासबाट सिकाइसम्बन्धी गतिविधिको पहिलो लक्षित समूह भनेको यसमा प्रत्यक्ष रूपमा संलग्न व्यक्तिहरु नै हुन् । यसमा सहभागी हुने व्यक्तिहरूले आफ्ना अनुभवहरूका बारेमा मनन गर्दछन्, ती अनुभव बताउँछन् र अरूहरूको आवाजमा बितेको कथाको सम्झना गर्छन् । यिनको माध्यमबाट यसरी सहभागीहरूलाई चाँ-चाँडो गतिमा अगाडि बढ्ने खालको सङ्गठनको स्वरूपबाट समय निकाल्न, मनन (reflections) गर्न, सिक्न र अनुकूलनात्मक क्रियाकलापहरूका बारेमा सहमत हुन समय उपलब्ध हुन्छ ।

इतिहासबाट सिकाइसम्बन्धी गतिविधिहरूमा आधारित वर्णनात्मक विवरणहरु समान प्रकृतिका तर फरक-फरक चुनौतीहरूको सामना गरिरहेका मानिसहरूको समूहका लागि मूल्यवान् हुन्छन् । इतिहासबाट सिकाइसम्बन्धी गतिविधिको वर्णनात्मक विवरण भनेको गुणात्मक प्रमाण हो र यसबाट अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदनसम्बन्धी प्रक्रियाहरूमा योगदान पुग्न सक्दछ ।

## कहिले हामी इतिहासबाट सिकाइसम्बन्धी गतिविधिको अवधारणाको प्रयोग गर्न सक्दछौं ?

इतिहासबाट सिकाइसम्बन्धी गतिविधिको प्रयोग कार्यक्रम चक्रको 'परिभाषित गर्ने र डिजाइन तयार गर्ने (define and design) चरणमा रणनीतिक योजना तर्जुमाको प्रक्रिया सुरू गर्नका लागि गर्न सकिन्छ । यो खास गरी तल लेखिएबमोजिमका समयमा महत्वपूर्ण हुन्छ :

- इतिहासबाट सिकाइसम्बन्धी गतिविधिको पहिचान गर्ने र कसरी परिवर्तन भएका छन् भन्ने बारेमा सामूहिक अर्थ निकाल्नका लागि ठूला र जटिल कार्यक्रम सञ्चालन भइरहेको अवधिमा र सोको अन्तमा

- नयाँ साझेदारी, विधि, प्रक्रिया तथा औजारहरूको परीक्षण र नवीन प्रयोग गर्ने समयमा र ठूला कार्यक्रमहरूमा जलवायु अनुकूलन अथवा जीविकोपार्जनसम्बन्धी अवधारणाजस्ता नयाँ अवधारणाहरूलाई मूलप्रवाहीकरण गर्ने समयमा
- विगतका पाठहरूको एकीकरण गरिएको छ र परिवर्तनका लागि नयाँ मार्गहरूको पहिचान गरिएको छ भन्ने कुरा सुनिश्चित गर्नका निमित्त रणनीतिक योजना तर्जुमाको प्रक्रियाभन्दा पहिले
- आफ्नो ज्ञान तथा सिकाइहरूका लागि प्रतिफल प्राप्त गर्ने किसिमले मुख्य मानिसहरु नयाँ काममा सर्ने बेलामा ।

## इतिहासबाट सिकाइसम्बन्धी गतिविधि तयार पार्ने काममा क–कसले भाग लिन्छन् ?


इतिहासमा जोड दिइएको कार्यक्रमको केन्द्रीय सवाल अथवा कार्यक्रममा पहिले संलग्न भएका/हाल संलग्न भइरहेका व्यक्ति

यदि सम्भव भएका खण्डमा कार्यक्रममा संलग्न भएका अथवा छलफल भइरहेका सवालमा चासो राख्ने बाह्य सरोकारवालाहरूलाई संलग्न पार्नुहोस् । भावी कार्यक्रमहरूको योजना तर्जुमामा योगदान गर्न सक्ने व्यक्तिहरु पनि महत्वपूर्ण हुन्छन् ।

## इतिहासबाट सिकाइसम्बन्धी गतिविधिका लागि कति समय लाग्छ ?

यसका ६ वटा चरणहरूको उल्लेख तल गरिएको छ ।






**लाङटाङ राष्ट्रिय निकुञ्जमा इतिहासबाट सिकाइसम्बन्धी गतिविधि तयार गर्दै**

**सहभागीहरू स्थानीय तहमा प्रत्यक्ष रूपमा लाभान्वित हुने व्यक्ति तथा प्रभावशाली व्यक्तिहरू थिए जसले विश्व वन्यजन्तु कोष नेपालमा कार्यक्रमहरूको भावी दिशा निर्देशनमा योगदान गर्न सक्षम छन् ।**

**यस प्रक्रियालाई सहजीकरण गर्नका लागि समुदायसँग प्रत्यक्ष रूपमा संलग्न स्थानीय सहजकर्ताहरूसँग प्रश्न सोध्नु खास गरी उपयोगी भएको थियो ।**

चरण १ भनेको सहजकर्ताको तयारीको चरण हो । चरण २-५ अन्तर्गत कार्यशाला पर्दछन् र सहभागीहरूको सङ्ख्या र इतिहासको कति लामो अवधि समेटिएको छ – सोका आधारमा २-४ घण्टा लाग्छ ।

छानिएको विस्तृत विवरणका आधारमा इतिहासबाट सिकाइसम्बन्धी गतिविधि विषयको प्रारम्भिक दस्तावेज (चरण ६) लेख्नका लागि आधा दिनदेखि पूरा १ दिनसम्मको समय लाग्दछ ।

## इतिहासबाट सिकाइसम्बन्धी गतिविधि तयार पार्नका लागि आवश्यक ६ चरणहरू

### १. कार्यशालाभन्दा पहिले गरिने डिजाइन

इतिहासबाट सिकाइसम्बन्धी गतिविधिका बारेमा कार्यशालाको डिजाइनलाई अन्तिम रूप दिनका निमित्त सोभन्दा पहिले डिजाइनसम्बन्धी केही काम गर्नु आवश्यक हुन्छ ।

## इतिहासबाट सिकाइसम्बन्धी गतिविधिका बारेमा कार्यशाला

### २. परिचय

इतिहासबाट सिकाइसम्बन्धी गतिविधिहरूलाई सङ्गठनात्मक तथा सामुदायिक सन्दर्भमा स्थापित गरिन्छ र गतिविधिका उद्देश्यहरूलाई स्पष्ट पारिन्छ ।

### ३. इतिहासबाट सिकाइसम्बन्धी गतिविधि तयार पार्ने कार्य

यो नै त्यो अवसर हो जुन समयमा कच्चा, 'तयार नपारिएको' इतिहासबाट सिकाइसम्बन्धी गतिविधिको सर्वप्रथम नक्साङ्कन गरिन्छ र कार्यशालाका सहभागीहरूसँगै मिलेर सो तयार पारिन्छ ।

### ४. इतिहासबाट सिकाइसम्बन्धी गतिविधिका बारेमा चिन्तन

इतिहासबाट सिकाइसम्बन्धी गतिविधिका बारेमा चिन्तन गर्ने कार्यबाट इतिहासबाट सिकाइसम्बन्धी गतिविधिको आकार, उदाहरणका लागि, महत्त्वपूर्ण निर्णय अथवा साझेदारी प्रकट हुन थाल्छन् । यस चरणबाट बढी आलोचनात्मक र चिन्तनमूलक मनोवृत्तिको पनि संवर्धन हुन्छ र आफ्नो समुदाय अथवा सङ्गठनभित्र परिवर्तनको आन्तरिक गतिशीलताका बारेमा सहभागीहरूको साझेदारी गहन हुन्छ ।

### ५. क्रियाकलापको योजना तर्जुमा तथा समापन

समापनसम्बन्धी यस गतिविधिबाट आउँदो चरणका बारेमा सहमति कायम गर्न सहभागीहरूलाई अवसर उपलब्ध हुन्छ ।

## कार्यशालापछि

### ६. थप विश्लेषणलगायत इतिहासबाट सिकाइसम्बन्धी गतिविधिका बारेमा दस्तावेज लेखन

यस गतिविधिमा थप विकासका लागि सहभागी/हरूद्वारा दस्तावेज तयार पार्नका लागि इतिहासबाट सिकाइसम्बन्धी गतिविधिका बारेमा प्रारम्भिक लेखनमाथि जोड दिइन्छ । इतिहासबाट सिकाइसम्बन्धी गतिविधि/कार्यान्वयनको दस्तावेज तयार पार्नेबारेमा छुट्टै मार्ग-दर्शन हेर्नुहोस् ।



# सहजकर्ताका लागि हरेक चरणका निमित्त मार्गदर्शन

| | चरणको उद्देश्य | काम |
|---|---|---|
| चरण १<br><br>कार्यशालाभन्दा पहिले गरिने डिजाइन | इतिहासबाट सिकाइसम्बन्धी गतिविधिका बारेमा इतिहासमा समेटिने अवधि र इतिहासबाट सिकाइसम्बन्धी गतिविधिका बारेमा आयोजित कार्यशालामा को संलग्न हुने भनी स्पष्ट पार्नका लागि सहजकर्ता र आयोजक - दुवैले मिलेर काम गर्नका निमित्त ।<br><br>इतिहासबाट सिकाइसम्बन्धी गतिविधिका बारेमा भएको सहमतिबाट यस गतिविधिको वरिपरि सीमा निर्धारण गर्न मदत पुग्छ – सहभागीहरूले विचार गरून् भनी तपाईंले चाहेको समष्टिगत विषय कुन हो र कुन विषयमा ती सबैको साझा चासो छ ? | आयोजकसँग मिलेर विचार गर्नुपर्ने मुख्य प्रश्नहरु :<br>• हामी यो गतिविधि किन सञ्चालन गरिरहेका छौं (उद्देश्य)<br>• को संलग्न हुनुपर्छ (उद्देश्यसँग सम्बन्धित) कुन व्यक्तिहरु र/अथवा सरोकारवाला समूहहरु र किन ?<br>• इतिहासबाट सिकाइसम्बन्धी गतिविधिको विषय कुन हो ?<br>• इतिहासबाट सिकाइसम्बन्धी गतिविधिमा कुन विषयमाथि तपाई जोड दिन चाहनुहुन्छ ? र, समयको कुनचाहिँ अवधिमाथि ?<br><br>अनुकूलनका बारेमा इतिहासबाट सिकाइसम्बन्धी गतिविधिका लागि विश्व वन्यजन्तु कोष नेपालले सन् २००२ देखि २०१२ सम्मको अवधिका लागि लाङटाङ क्षेत्रमा जलवायु परिवर्तनका लागि अनुकूलनसम्बन्धी क्रियाकलाप तथा पिपल (PIPAL) कार्यक्रममाथि आफ्नो ध्यान केन्द्रित गरेको थियो । |
| चरण २<br><br>कार्यशाला – परिचय | आयोजक, सहजकर्ता तथा सहभागीहरूले एक-आपसमा परिचय दिनका निमित्त (यदि बाह्य सरोवारवालाले भाग लिइरहेका छन् अथवा यो सामुदायिक कार्यशाला हो भने विशेष गरी यो महत्त्वपूर्ण हुन्छ)<br><br>सहजकर्ताले कार्यशालाको उद्देश्य र कार्यशालाको कार्यसूचीका बारेमा परिचय दिन्छन् र सँगै मिलेर काम गर्ने उपायहरु (उदाहरणका लागि, आधारभूत नियमहरु) का बारेमा सहमति कायम गर्छन् ।<br><br>आधारभूत नियमको उद्देश्य हो : (क) अन्तर्क्रिया गर्ने खास उपायहरूका बारेमा प्रोत्साहित गर्नु (उदाहरणका लागि, 'एक पटकमा एक व्यक्तिले मात्र बोल्छन्,' 'हरेक व्यक्तिका कुरा सुनिन्छन्' (ख) 'कार्यशालाका सीमाहरूको व्यवस्थापन गर्नु (उदाहरणका लागि, 'मोबाइल फोनलाई सधैं साइलेन्ट मोड (silent mode) मा राख्नुहोस्') । आधारभूत नियमहरूका बारेमा सबैलाई सहमति कायम गर्न लगाउनुहोस् (र अनुरोध गरिएका र मन्जुर गरिएका अरु नियमहरु पनि थप्नुहोस्) । | **आवश्यक समय** : ३०-६० मिनेट<br><br>तपाईंको सन्दर्भसँग मिल्ने गरी परिचय कार्यक्रम सञ्चालन गर्नुहोस् ।<br><br>कार्यशालाको उद्देश्य तथा कार्यसूचीलाई सबैले देख्न सक्ने गरी टाँस्नुहोस् । उदाहरणका लागि, कोठामा फ्लिप चार्ट टाँसेर अथवा वितरण गरिएको सामग्रीमा समावेश गरी पार्नुहोस् ।<br><br>सहमति कायम भइसकेपछि फ्लिप चार्टमा आधारभूत नियमहरु लेख्नुहोस् । |

| | | |
|---|---|---|
| **चरण ३**<br><br>**इतिहासबाट सिकाइसम्बन्धी गतिविधि तयार पार्ने कार्य** | सहजकर्ताको भूमिका भनेको इतिहासबाट सिकाइसम्बन्धी गतिविधिका बुँदा निकाल्न र भित्तामा टाँस्नका लागि ठूलो चार्टमा तिनलाई लेख्नु हो ।<br><br>यो भनेको दुई किसिमको भूमिका हो । यस भूमिकाअन्तर्गत राम्रा प्रश्नहरु सोध्नु र भित्तामा टाँसिने चार्टमा तिनका जवाफहरु रेकर्ड गर्नु – यी दुवै पर्दछन् ।<br><br>कागजका पानाहरूलाई पहिलेका वर्षहरूमा विभाजन गर्नुभन्दा आवश्यकताबमोजिम भर्नका लागि खाली ठाउँ राख्नुहोस् (अरु वर्षका तुलनामा केही वर्षहरूका कथाका लागि बढी ठाउँ आवश्यक पर्दछ) र यो कुरा बिस्तारै प्रकाशमा आउँदै गरेपछि ती पानाहरूमा वर्ष लेख्दै जानुहोस् ।<br><br>रङ्गीन कलमहरु, जस्तै, घटनाका लागि कालो कलम, उत्प्रेरणाका लागि नीलो कलम, ज्ञान र सिकाइका लागि हरियो कलमको प्रयोग गर्ने कोसिस गर्नुहोस् ।<br><br>यो प्रक्रिया तल लेखिएबमोजिम अगाडि बढ्दै जान्छ :<br>● केही खुला प्रश्नहरु (जस्तै : 'त्यसो हो भने, यी सारा कुरा कसरी सुरू भए : यसमा को-को संलग्न थिए ? कहिले र कहाँ ?) सोधेर सुरूआत गर्नुहोस् ।<br>● सहभागीहरूमा देखिएको उत्साहबमोजिम तपाईं अघि बढ्नुहोस्, उनीहरूले दिँदै गरेका जवाफ लेख्दै, बायाँबाट दायाँतिर अगाडि बढ्दै, उपयुक्त भएका ठाउँमा, काण (arrow) बाट वाक्यहरूसँगको सम्बन्ध देखाउँदै । उपयुक्त भएबमोजिम नयाँ लहर (strand) सुरू गर्नुहोस् । यदि आवश्यक परेका खण्डमा यो प्रक्रिया सञ्चालन भइरहेको समयमा दायाँतिर अरु नयाँ पाना थप्नुहोस् ।<br>● कति मानिसहरु संलग्न भएका छन् – सोका आधारमा के भएको थियो भन्नेबारेमा तपाईंले फरक-फरक विवरण (एक-अर्कासँग बाझ्ने पनि) फेला पार्न सक्नुहुनेछ – तपाईं तीमध्ये कुनै एक विवरणमा सबैलाई मन्जुर गराउन कोसिस गर्न सक्नुहुन्छ अथवा एक-अर्काका सँगसँगै विभिन्न विवरण लेख्न सक्नुहुन्छ र यी विवरण किन फरक-फरक छन् भनी पत्ता लगाउन सक्नुहुन्छ ।<br>● तलका प्रश्नहरु गरेर बढी बोल्नेहरूको आधिपत्य त कायम भएको छैन भनी समय-समयमा जाँच गर्नुहोस् । अरु को-को यसमा संलग्न हुनुहुन्थ्यो र यस चरणमा कथामा कसले अरु कुरा थप्न चाहनुहुन्छ ? (कोठामा भएका सबै व्यक्तिहरु सुरूका चरणमा संलग्न थिएनन् भन्ने कुरालाई ध्यानमा राख्दै) | **आवश्यक समय :** इतिहासको अवधि र समूहको आकारका आधारमा ६०-१२० मिनेट<br><br>सिद्धान्ततः, इतिहासका सबै महत्त्वपूर्ण क्षणहरूको रेकर्ड राखिएको छ भन्ने कुरा समूहले महसुस गरेको छ भन्ने कुरा सुनिश्चित गर्नका लागि पर्याप्त समय दिनु बेस हुनेछ ।<br><br>**आवश्यक सामग्री :**<br>● कागतको ठूलो पानाले ढाकिएको भित्ता<br>● इतिहासको रेकर्ड राख्नका लागि पर्याप्त ठाउँ छ भन्ने कुरा पक्का गर्नका निमित्त पर्याप्त मात्रामा कागत प्रयोग गर्नुहोस् ।<br>● सहजकर्ताका लागि रङ्गीन कलम (चार विभिन्न रङका) ।<br><br>**आवश्यक ठाउँ र कोठाको संरचना**<br>● सहभागीहरु अर्धवृत्ताकार एक (अथवा आवश्यक भएका खण्डमा दुई) मेचजति क्षेत्र ढाक्ने गरी 'इतिहासबाट सिकाइसम्बन्धी भित्ता' (learning history wall) को वरिपरि बस्नु आवश्यक छ जसले गर्दा हरेकले चार्टमा लेखिएको प्रक्रियालाई हेर्न र बुझ्न सकून् । |

| | | |
|---|---|---|
| | • अफ, कथाभित्र गहन रूपमा जान समूहलाई मदत गर्नुहोस् । उदाहरणका लागि, समय-समयमा सोध्नुहोस्, तपाईंहरूले यसो किन गर्नुभयो ? तपाईंहरूले यो काम यसरी किन गर्नुभयो ? केले गर्दा तपाईंहरूले फरक किसिमबाट यस्तो काम गर्नुभयो ? 'कार्यक्रम' लेखिएकोभन्दा फरक रङमा यी 'उत्प्रेरणाहरूको रेकर्ड राख्नुहोस् ।<br>• घटना र उत्प्रेरणाको सट्टा मानिसहरूले के सिके भनी बताउने खालको कुनै नयाँ जानकारी उनीहरूले बताएका खण्डमा नयाँ रङमा यस्ता जानकारीको रेकर्ड राख्नुहोस् ।<br>• इतिहासबाट सिकाइसम्बन्धी गतिविधि प्रकट हुँदै जाँदा काणको प्रयोग गर्दै मुख्य घटनाहरूमा सम्बन्ध स्थापित गर्न प्रयत्न गर्नुहोस् जसले गर्दा घटनाहरूका शृङ्खला तथा सञ्जालहरूको चित्र प्रकट हुँदै आउँछ जान्छ ।<br>• जब तपाईं क्रमशः हालसालैका घटनाहरूमा आउनुहुन्छ, हालका घटनाहरूका बारेमा ज्ञान भएका मानिसहरूलाई तपाईंले भेला गर्नुभएको छ भन्ने कुरा पक्का गर्नुहोस् । चुप लागेर बस्ने मानिसहरूलाई बोल्न लगाउने अर्को तरिका उनीहरूलाई यी प्रश्नहरू गर्नु हो, तपाईंले यस सङ्गठनमा कहिले प्रवेश गर्नुभयो ? इतिहासबाट सिकाइका बारेमा तपाईं के थप्न चाहनुहुन्छ ?<br>• इतिहासबाट सिकाइसम्बन्धी गतिविधि आजका दिनसम्म नआइपुगुन्जेल र उनीहरूमा भएको ऊर्जा थप योगदान गर्नका लागि समाप्त नहुन्जेलसम्म यस क्रमलाई जारी राख्नुहोस् । | |
| **चरण ४**<br><br>**इतिहासबाट सिकाइसम्बन्धी गतिविधिका बारेमा चिन्तन** | विश्रामपछि इतिहासबाट सिकाइसम्बन्धी गतिविधि र यसबाट के प्रकट हुन्छ भन्नेबारेमा मापन गर्न सहभागीहरूलाई आमन्त्रण गरिन्छ । यस चरणका दुई भाग छन् :<br><br>भाग १ : फ्लिप चार्टमा आफ्ना चिन्तनहरूलाई रेकर्ड गर्दै तल लेखिएका प्रश्नहरूलाई सम्बोधन गर्नका निम्ति सहभागीहरूले स-साना समूह (उदाहरणका लागि ६-८ जनासम्म) मा काम गर्छन् ।<br><br>• समष्टिगत रूपमा इतिहासबाट सिकाइसम्बन्धी गतिविधिलाई हेर्दै, यसको सम्पूर्ण प्रक्रियाभित्र उल्लेखनीय परिवर्तनका अवधि तथा गतिविधिहरूलाई बढी सुदृढ पारिएका अवधि (चरणहरू) को पहिचान गर्न के तपाईं सक्षम हुनुहुन्छ ? यी चरणहरूलाई तपाईं के नाम दिन चाहनुहुन्छ ?<br>• हरेक चरणभित्र र ती चरणहरूका बीचमा सिकाइको मुख्य जोड केमाथि थियो ?<br>• सिकाइ कसरी भयो ? केबाट सिकाइमा मदत पुग्यो र केबाट बाधा उत्पन्न भयो ? | **आवश्यक समय**<br>सानो समूहमा ६० मिनेट<br>पूर्ण सत्रमा २०-३० मिनेट<br><br>**आवश्यक सामग्री :**<br>• फ्लिप चार्टको स्ट्यान्ड र/अथवा हरेक टेबुलका लागि फ्लिप चार्ट कागज<br>• हरेक टेबुलका लागि धेरै थरी रङ्गीन कलमहरू |

| | | |
|---|---|---|
| | • समष्टिगत रूपमा गतिविधिको समीक्षा गर्दै हाम्रा लागि कस्ता ज्ञान र पाठहरु निस्कन्छन् ?<br>• अगाडि बढ्नका लागि यी पाठहरूबाट हामी कसरी निष्कर्ष निकाल्न सक्छौं ? यसबाट हामीलाई कस्ता विकल्पहरु उपलब्ध हुन्छन् ?<br>• के हामी यी पाठहरु अरूहरूसँग आदान-प्रदान गर्न चाहन्छौं ? यो काम हामीले कसरी गर्दछौं र कससँग गर्दछौं ?<br><br>**भाग ख : पूर्ण सत्रमा चिन्तन**<br><br>साना समूहहरूलाई आफ्ना चिन्तन प्रस्तुत गर्न सकजकर्ताले आमन्त्रण गर्दछन् । प्रश्नसङ्ख्या १ बाट सुरु गर्नुहोस् र आफ्ना चिन्तन प्रस्तुत गर्न समूहहरूलाई भन्नुहोस् । सहजकर्ताले ठूलो फ्लिप चार्ट कागतमा चिन्तनहरु उतार्छन् (सूची तयार पार्नुभन्दा मनमा बुझिने गरी तिनका नक्सा उतार्नु राम्रो हुन्छ ) ।<br><br>६ वटै प्रश्नहरूका बारेमा यसरी छलफल गरिसकेपछि सहजकर्ताले सम्पूर्ण समूहबाट अन्तिम चिन्तन प्रस्तुत गर्न भन्दछन् र तिनलाई फ्लिप चार्टमा उतार्छन् । समूहमा विद्यमान ऊर्जाअनुसार चल्नुहोस्, यदि प्रशस्त चिन्तनका लागि ऊर्जा छ भने सो गर्न दिनुहोस् तर यदि समूह शान्त छ भने, उनीहरूलाई चुपचाप रहन पनि दिनुहोस् । | |
| **चरण ५**<br><br>**क्रियाकलापको योजना तर्जुमा तथा समापन** | कम्तीमा पनि निम्नलिखित दुई क्षेत्रहरूमाथि जोड दिनु महत्त्वपूर्ण छ :<br><br>• इतिहासबाट सिकाइसम्बन्धी यस गतिविधिको फलस्वरूप हामी कुन काम (र सो फरक किसिमबाट) गर्न चाहन्छौं ?<br>• इतिहासबाट सिकाइसम्बन्धी गतिविधिका बारेमा हामी के गर्न चाहन्छौं ? अर्थात् के हामी यसलाई आफ्नै संस्थाभित्र सीमित राख्न चाहन्छौं अथवा हामी यसलाई लेख्न र अरूहरूसँग यसको आदान-प्रदान गर्न चाहन्छौं ?<br><br>आउँदो चरणका बारेमा मन्जुरी भइसकेपछि परिस्थितिमा सुहाउँदो हुने किसिमले कार्यशाला समापन गर्नुहोस् । | **आवश्यक समय**<br>पूर्ण सत्रका लागि २०-३० मिनेट (समूहको आकारका आधारमा) |
| **चरण ६**<br><br>**थप विश्लेषणलगायत इतिहासबाट सिकाइसम्बन्धी गतिविधिका बारेमा दस्तावेज लेखन** | इतिहासबाट सिकाइसम्बन्धी गतिविधिका बारेमा आयोजित कार्यशालाको अवधिमा तयार पारिएका फ्लिप चार्टहरूको फोटोको प्रयोग गर्दै सहजकर्ता र टिपोट गर्ने व्यक्तिले इतिहासबाट सिकाइका बारेमा लेख तयार पार्न सहकार्य गर्नेछन् ।<br><br>यस चरणको मुख्य उद्देश्य भनेको कार्यशालासम्बन्धी सामग्रीहरूमा सहभागीहरूको पहुँच हुन सकोस् भन्ने कुरा सुनिश्चित गर्नु हो जसले गर्दा थप विश्लेषणको मात्रालाई न्यूनतम रूपमा राखिन्छ । | बढीमा १ दिन |

डब्लू.डब्लू.एफ. नेपालद्वारा प्रकाशित । यस प्रकाशनको पूर्ण वा आंशिक पुनः प्रकाशन, उत्पादन गर्नुपरेमा उल्लेखित शीर्षक अवश्य उल्लेख गर्नुपर्नेछ ।

**उद्धरणका लागिः** जलवायुका लागि सक्षम संरक्षणः जलवायु अनुकूलनका लागि सिकाइ, डब्लू.डब्लू.एफ. नेपाल २०१३

© डब्लू.डब्लू.एफ. नेपाल

**थप जानकारीका लागिः**
रमेश अधिकारी
ramesh.adhikari@wwfnepal.org



## 1961
WWF was founded in 1961

## + 100
WWF is in over 100 countries, on 5 continents

## + 5M
WWF has over 5 million supporters

## + 5,000
WWF has over 5,000 staff worldwide

WWF

**Why we are here**

To stop the degradation of the planet's natural environment and to build a future in which humans live in harmony with nature.

www.wwfnepal.org

© 1986 Panda Symbol WWF-World Wide Fund For Nature
(also known as World Wildlife Fund)
® "WWF" is a WWF Registered Trademark

डब्लू.डब्लू.एफ. नेपाल, पोस्ट.बक्स.नं. ७६६०, बालुवाटार, काठमाण्डौ, नेपाल
फोनः ९७७ १ ४४३४८२०, फ्याक्सः ९७७ १ ४४३८४५८, ईमेलः info@wwfnepal.org

WWF® • जलवायुका लागि सक्षम संरक्षण: जलवायु अनुकूलनका लागि सिकाइ

NP WWW.WWFNEPAL.ORG